**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं.१३८

पुनरावेदन नं. ०७६-RB-०१२१

पुनरावेदन दर्ता मितिः २०७६/९/१३

**<u>मुद्दाः– सुनचोरी पैठारी</u>**

| | |
|---|---|
| रबिदत्त पोखरेलको नाती, तोयानाथ पोखरेलको छोरा गोरखा जिल्ला साविक खोप्लाङ्ग गा.वि.स. हाल पालुङ्गटार न.पा.वडा नं.२ बस्ने वर्ष ३९ को प्रेम प्रसाद पोखरेल........................................................................... १ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| राजस्व अनुसन्धान विभागका निर्देशक राम प्रसाद रेग्मी समेतको प्रतिवेदनले नेपाल ..........................................................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

मुद्दा फैसला गर्ने कार्यालयः- श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाडौं

मुद्दा फैसला गर्ने अधिकारीः- भन्सार प्रशासक श्री विष्णुराज ढकाल

मुद्दा फैसला भएको मितिः– २०७६/०८/०९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः  विद्वान अधिवक्ता द्वय श्री रामेश्वर प्रसाद कोइराला र श्री सुधा काफ्ले

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको मिति २०७६/०८/०९ को निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यस न्यायधिकरणको क्षेत्राधिकार भित्र परी दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मिति २०७४/०६/२१ गते अन्दाजी १६.०० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं २६ नयाँ बसपार्क टिकट काउन्टर अगाडि सार्वजनिक स्थानमा जिल्ला मोरङ्ग कोशी हरैचा न.पा. वडा नं ४ स्थायी वतन बताउने वर्ष २४ को अन्जन श्रेष्ठको साथबाट १५०.०३ ग्राम अबैध सुन बरामद भएको र उक्त सुनको संरक्षण गर्ने प्र.ना.नि.प्रेम प्रसाद पोखरेललाई पक्राउ गरी दाखिला गरेको भन्ने महानगरिय प्रहरी प्रभागको पत्र सहित बरामदीत सुन सहित पक्राउ परेका अन्जन श्रेष्ठ तथा प्रेम प्रसाद पोखरेललाई आवश्यक कार्यबाहीका लागि पठाएको भनी राजस्व अनुसन्धान विभागमा दाखिला गरेको ।

२. मिति २०७५/०३/०६ को पत्रबाट राजस्व अनुसन्धान विभागमा भन्सार ऐन, २०६४ बमोजिम प्रत्यायोजित अधिकार अन्तर्गत कारवाही शुरु भई अनुसन्धानको क्रममा रहेको फाइलहरु सम्बन्धित भन्सार कार्यालयलाई हस्तान्तरण गर्ने भनी भएको मिति २०७५/०३/०६ को निर्णयानुसार विगो रू. ७,१४,५७४।— कायम गरी सो को फायल मिति २०७५/०५/२५ गते त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा दाखिला भएको।

३. मलाई सुन भन्सार चोरी पैठारी आरोपमा पक्राउ गरेको हो, म बाट ५० ग्राम मात्र सुन बरामद भएको हो। बाँकी सुन अर्का एक जनाबाट बरामद भएको हो। उसको ठेगाना बर्दिया भन्ने कुरा सुनेको हो। नाम थाहा भएन। मलाई लेखेको कागज पढ्न नदिइकन जबरजस्ती सहिछाप गराएको हो। उक्त सुन मलाई साउदीबाट बालचन्द्र भन्ने बलरामले पठाएको हो। उक्त सुन साउदीबाट आएको बर्दियाको मानिसले दिएको हो। नाम थाहा भएन। बालचन्द्रले १५० ग्राम सुन जम्मा गरेर रुपक रेग्मीलाई दिनु भनी भनेकोले सुन लिन नयाँ बसपार्कमा जाँदा उसलाई पक्रेर राखेको रहेछ। उसले मलाई फोन गरेर बोलाएको थियो। सुन साउदीमा खरिद गरेको बिल मात्र दिएको थियो अरु केही थिएन। अहिले सम्म आठ चोटी यसरी अवैध सुन ओसार पसार गरेको छु। रुपक रेग्मीलाई दुई चोटी र आर.के.श्रेष्ठलाई छ चोटी दिएको हो भन्ने समेत प्रतिवादी अन्जन श्रेष्ठले राजस्व अनुसन्धान विभागमा गरेको बयान।

४. मबाट केही बरामद भएको छैन, मलाई नेपाल प्रहरीले म्हैपीबाट सुन चोरी पैठारीमा संलग्न भएको भन्दै पक्राउ गरेको हो । मैले नयाँ बसपार्कमा सहि गरेको थिइन तर प्रहरीले परिसरमा ल्याएपछि जबरजस्ती गराएको हो, सुनचोरी पैठारी कार्यमा मेरो संलग्नता छैन, मेरो चिनजानको भाइ सिताशरणले अन्जन श्रेष्ठको फोन नं. टिपाएर उसलाई प्रहरीले पक्रेर पैसा सबै राखिदिएकोले

बेखर्ची भएकोले सहयोग गरिदिनु भनेकाले उसलाई के भएको रहेछ भनेर बुझ्न गएको हो, अन्जन श्रेष्ठलाई म चिन्दिन, प्रहरीले पक्राउ गरी यस विभागमा पेश गरेको सुन लगायतका दशी के के थियो मैले देखेको छैन, सो सुन र दशी कसको हो सो समेत मलाई थाहा छैन भन्ने समेत प्रतिवादी प्रेम प्रसाद पोखरेलले गरेको बयान।

५. मलाई मिति २०७६/०६/२२ गते करिब ३-४ बजे काठमाडौं त्रिपुरेश्वरमा सुन तस्कर गर्ने तई होस् तँलाई सोधपुछ गर्नु छ भन्दै पक्राउ गरेको हो, मबाट प्रहरीले ग १० प १४८३ नं को मोटरसाइकल बरामद गरेको छ, मेरो विवाहको मिति तय भएकोले सो प्रयोजनको लागि साउदीमा सुन सस्तो र मिसावट रहित हुने भएकोले त्यस्तो सुन किन्ने सोच बनाई र फर्निचरहरु समेत किन्न काठमाडौं आएको हो, म फर्निचर किन्दै गर्दा अन्जन श्रेष्ठले सुन लिन त्रिपुरेश्वर बोलाएकोले त्यहाँ जाँदा प्रहरीले मलाई पनि पक्रेको हो, अन्जन श्रेष्ठलाई मैले बुवाको साथी मार्फत चिनेको हो र चिनेको ३ हप्ता मात्र भयो, बुवा साउदीमा काम गर्ने भएकोले तलब आएपछि उतै मिलाउला भनेकाले सुनको भुक्तानी भएको छैन, मैले अघिल्लो पटक ५० ग्राम र हाल १०० ग्राम मगाएको हो, मैले एक पटक मात्र सुन बुझेको हो, भन्ने समेत प्रतिवादी रुपक रेग्मीले विभागमा गरेको बयान ।

६. प्रतिवादीहरुले बयानमा उल्लेख गरे अनुसार अन्जन श्रेष्ठले पहिलेदेखि नै अबैध रुपमा विदेशबाट आएको सुन विभिन्न व्यक्तिहरुलाई दिने गरेको स्वीकारोक्ती बयान, प्रतिवादी प्रेम प्रसाद पोखरेलले आफू यस अबैध सुन ओसारपसार कार्यमा संलग्न नभएको, साउदीबाट सिता सरणले अन्जन श्रेष्ठको फोन नं. टिपाएर उसलाई प्रहरीले पक्रेर पैसा सबै राखिदिएकोले बेखर्ची भएकोले उसलाई सहयोग गरिदिनु भनेकाले मानवीय आधारमा गएको हो भनी बयान दिएको र रुपक रेग्मीले बुवा साउदीमा काम गर्ने र आफ्नो विहेको लागि समेत सुन चाहिएकोले सुन शुद्ध र सस्तो पर्ने भएकोले अन्जन श्रेष्ठसँग सम्पर्क गरी सुन मगाएको हो भनी बयान दिएकोले उक्त सुन बैधानिक बाटोबाट खरीद/पैठारी गरेको नदेखिएकोले बरामद भएको सुन राजस्व अनुसन्धान विभागकै कब्जामा राखी भन्सार ऐन, २०६४ को दफा ५७(१) अनुसार उक्त १४९.९०० ग्राम सुन नेपाल सुन चाँदी डिलर्स एसोसियसनको वेब साइटमा मिति २०७४/०६/२१ गते प्रकाशित सुनको प्रति १० ग्रामको मूल्य रू.४७,६७०।— दरले हुने रू.७,१४,५७४।— विगो कायम गरी सोही ऐनको सोही दफा अनुसार दुई जना प्रतिवादीहरु अन्जन श्रेष्ठ र रुपक रेग्मीलाई दामासाहीले हुने रू.३,५७,२८७।— सोही ऐनको दफा ४१(१) बमोजिम धरौटी माग गर्ने र प्रेम प्रसाद पोखरेलले अन्जन श्रेष्ठलाई उक्त सुन भन्सार चोरी पैठारी गर्न मद्दत र सहयोग गरेको भनी प्रहरी प्रतिवेदन साथ पेश भएकोले सोही ऐनको दफा ५७(३) बमोजिम कसूरदार सरह रू.७,१४,५७४।- सोही ऐनको दफा ४१(१) धरौटी माग गर्ने र दाखिला हुन आएको ग १०

प १४८३ नं को मोटरसाइकल विभागमै कब्जामा राखी मुद्दाको अनुसन्धान गर्नु भन्ने राजस्व अनुसन्धान विभागबाट मिति २०७४/०६/२३ मा भएको थुनछेक आदेश।

७. प्रस्तुत मुद्दाको मिसिलसाथ संलग्न प्रतिवेदन, बरामदी मुचुल्का, प्रतिवादीहरुको बयान, दशि प्रमाण तथा कानूनी व्यवस्थाको विष्लेषण गर्दा प्रतिवादीहरुले बरामद भएको सुन,भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम चोरी पैठारीको कसूर अपराध गरेको देखिदा निज प्रतिवादीहरुलाई भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिम लुकाई छिपाई अवैध रुपमा चोरी पैठारी गर्ने मनसायले सुन ल्याएको होइन भन्ने अवस्था नरहेकोले सोही दफा बमोजिम प्रतिवादीहरुबाट बरामद भएको सुनको बिगो प्रतिवादी अन्जन श्रेष्ठ र रुपक रेग्मीलाई दामासाहीले हुने रू.३,५७,२८७।— जरिवाना हुने र प्रेम प्रसाद पोखरेललाई सोही ऐनको दफा ५७(३) बमोजिम कसूरदार सरह रू.७,१४,५७४।- जरिवाना हुने ठहर्छ भन्ने समेत त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६/०८/०९ मा भएको निर्णय।

८. विपक्षी भन्सार कार्यालयबाट भएको निर्णयमा म पुनरावेदकलाई बिना कुनै आधार कारण कसूरदार ठहराएको, कुन कानूनको कुन दफा बिपरीत, कुन प्रमाणबाट वा कुन प्रतिवादीको पोल तथा बयानबाट कसूरदार ठहराएको हो ? मैले सुन चोरी पैठारीमा कसलाई मद्दत दुरुत्साहन गरेको हो, सोको प्रमाण समेत पुष्टी नगरी विना आधार र सबुद प्रमाण दोषी ठहर गर्न नमिल्ने तथा निर्णय गर्दा आधार कारण खुलाउनु पर्ने प्रमाण ऐन, २०३१ तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको उलंघन गरी निर्णय भएको छ। म आफै प्र.ना.नि. दर्जाको राष्ट्र सेवक कर्मचारी भएको र कुनै गैरकानूनी कार्यमा संलग्न नभएको, मेरो चिनजानको भाइ सिताशरण यादवले साउदीबाट फोन गरी अन्जन श्रेष्ठको फोन नं. टिपाएर उसलाइ प्रहरीले पक्रेर पैसा सबै राखिदिएकोले बेखर्ची भएकोले उसलाई सहयोग गरिदिनु भनेकाले उसलाई के भएको रहेछ भनेर बुझ्न गएकोमा मलाई पनि सुनचोरीमा मिलेमतो हुन सक्छ भनी नयाँ बसपार्कमा लगि आफूखुसी लेखेको कागजमा बेहोरा समेत पढेर नसुनाई सहिछाप गर्न लगाएको, बरामदी मुचुल्का र खानतलासी मुचुल्कामा स्थानीय प्रतिनिधि पनि रोहबरमा नराखिएको, उक्त बरामदी मुचुल्का बेरित एवम् गैरकानूनी देखिदा प्रमाणमा लिन नमिल्ने, राजस्व अनुसन्धान विभागमा पेश भएको अनुसन्धान प्रतिवेदनमा समेत प्रतिवादीहरुको बयानबाट पुनरावेदकको संलग्नता नरहेकोले र सहयोग पुग्ने ठोस आधार र प्रमाण नदेखिएकोले सफाई दिने भन्ने प्रतिवेदन पेश भएकोमा सोलाई बेवास्ता गरी, बरामदी मुचुल्काका व्यक्तीहरु साक्षी सरह बकपत्रको लागि नबुझि भएको त्रि.वि.भन्सार कार्यालयको निर्णय त्रुटीपूर्ण भै बदर भागी भएकाले उक्त निर्णय उल्टी गरी सफाई दिलाई धरौट राखेको रकम फिर्ता पाउँ भन्ने समेत

बेहोराको पुनरावेदक प्रतिवादी प्रेमप्रसाद पोखरेलले यस न्यायाधिकरणमा दर्ता गरेको पुनरावेदनपत्र।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७७।०८।१० को आदेश।

## ठहर खण्ड

१०. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री रामेश्वर प्रसाद कोइराला र श्री सुधा काफ्लेले प्रतिवादी प्र.ना.नी दर्जाको कर्मचारी रहेको, हालसम्म कुनै गैह्रकानूनी काममा नलागेको, निजसंग कुनै दशि बरामद नभएको, कसुरमा इन्कारी बयान गरेको, बरामदी भनिएको मुचुल्का स्थानीय प्रतिनिधि नराखी खडा गरिएको, उक्त मुचुल्काका मानिस बुझ्नु पर्नेमा नबुझीएको, अन्य प्रतिवादीहरुले पोल गरेको अवस्था नभएको सुन बरामद भएका प्रतिवादी अन्जन श्रेष्ठ संगको कनेक्सन नदेखिएको, सुन चोरी पैठारीमा यि प्रतिवादी प्रेम प्रसाद पोखरेलको अन्य प्रतिवादीहरुलाई मद्दत र सहयोग गरेको पुष्टी नभएको, प्रतिवेदक समेतले यि पुनरावेदकलाई सफाई दिने भनी दिएको प्रतिवेदन समेतलाई वेवास्ता गरी प्रस्तुत बारदातलाई प्रतिवादी पेम प्रसाद पोखरेलको शितासरणसँग भएको फोन कन्टयाक्टसँग मात्र जोडी यि पुनरावेदकलाई अभियोग लगाई सजाय गरिएको हुँदा यि पुनरावेदक प्रेम प्रसाद पोखरेल निर्दोष हुँदा निजलाई सजाय गर्ने गरी भएको शुरु भन्सार कार्यालयको निर्णय बदर गरी सफाई पाउनु पर्छ भनी बहस गर्नु भयो ।

११. प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौका विद्धान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले प्रतिवादी अन्जन श्रेष्ठबाट सुन बरामद भएको र प्रतिवादी रुपक रेग्मीले मगाएको भन्ने खुलेको अवस्था छ। पुनरावेदक अन्जन श्रेष्ठसंग सम्पर्कमा रही अन्जन श्रेष्ठ पक्राउ परेको ठाउँमा आएकोले मतियार र सहयोगी पुष्टी भएको हुँदा शुरुको निर्णय कानून सम्मत हुँदा सदर कायम हुनुपर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

१२. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६।८।९ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. यसमा प्रतिवादी रुपक रेग्मीले मगाएको भनिएको १४९.९०० ग्राम  सुन प्रतिवादी अन्जन श्रेष्ठको साथबाट बरामद भएको, सुन बरामद गरी प्रतिवादी अन्जन श्रेष्ठलाई पक्राउ गरिएकोमा निज अन्जन श्रेष्ठ पक्राउ परेको ठाउँमा प्रतिवादी प्रेम प्रसाद पोखरेल सहयोग गर्न पुगेकोले निज प्रतिवादीहरु अन्जन श्रेष्ठ र रुपक रेग्मीलाई बरामद भएको सुन जफत गरी विगो रु.७,१४,५७४/- को दामासाहीले हुने रकम जरिवाना गर्ने तथा प्रतिवादी प्रेम प्रसाद पोखरेललाई सुन चोरी पैठारी गर्न मद्दत र सहयोग पुर्याएको भनी कसुरदार सरह विगो वमोजिम रु.७,१४,५७४/- जरिवाना गर्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयको निर्णय उपर प्रतिवादी प्रेम प्रसाद पोखरेलको प्रस्तुत पुनरावेदन परेको देखिन्छ।

१४. त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७६/८/९ को निर्णयले प्रतिवादीहरु अन्जन श्रेष्ठ र रुपक रेग्मीलाई भन्सार ऐन, २०६४ को दफा५७(१क) बमोजिम बरामद सुन जफत गरी बरामदीत सुनको विगोको दामासाहीले हुने रु.३,५७,२८७/- जनही जरिवाना हुने ठहर भएकोमा निजहरुको यस न्यायाधिकरणमा पुनरावेदन नपरेको भन्ने पुनरावेदन दर्ता शाखाको मिति २०७७/११/२६ को पत्रबाट खुलेको देखिँदा निजहरुका हकमा केही बोली रहन परेन।

१५. प्रतिवादी अन्जन श्रेष्ठको साथबाट मिति २०७४/६/२१ गते का.जि.का.म.नपा.वडा नं.२६ नयाँ बसपार्कबाट १५०.०३ ग्राम सुन जस्तो देखिने पहेंलो धातु (बेरुवा औठी) ४ थान बरामद भएको बरामदी मुचुल्काबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। उक्त वारदात स्थलमा यि पुनरावेदक प्रतिवादी प्रेम प्रसाद पोखरेलको उपस्थिति र बरामदी मुचुल्कामा सहिछाप भएको देखिएन। यि पुनरावेदक प्रतिवादीलाई पक्राउ गर्न गरिएको सोही मितिको खानतलासी बरामदी मुचुल्का हेर्दा का.जि.का.म.न.पा.वडा नं.२६ म्हैपी मन्दिर नजिक फेला परेका प्रतिवादी प्रेम प्रसाद पोखरेललाई सोधपुछ गर्दा साउदीबाट बालचन्द्र मार्फत नेपाल ल्याईएका अवैध सुनका गरगहनाहरु संरक्षण गर्ने गरेको मुख सावित भएको र सुन सहित फेला परेका अन्जन श्रेष्ठसँग निजको फोन सम्पर्क भएको देखिएको भनी अन्जन श्रेष्ठसँग बरामद भएको सुन सँग कुनै सम्बन्ध नदेखिएका नेपाल प्रहरीको परिचयपत्र, र **MOTOROLA** कम्पनीको व्याट्री सहितको हेन्ड सेट बरामद गरेको भन्ने व्यहोरा उल्लेख गरी यि प्रतिवादीलाई पक्राउ गरी प्रतिवेदन साथ पेश गरेको देखियो।

१६. यि प्रतिवादी प्रेम प्रसाद पोखरेलले सुन चोरी पैठारीमा इन्कार भइ चिनजानको सिताशरणले साउदीबाट फोन गरी अन्जन श्रेष्ठको फोन नं टिपाई निजलाई प्रहरीले पक्राउ गरी बेखर्ची भएकोले सहयोग गरिदिनु भनेकाले के भएको रहेछ भनी बुझ्न  गएको हो। अन्जन श्रेष्ठबाट बरामद भएको दशिको सामान के के थियो देखेको होइन, सुन समेत कसको हो मलाई थाहा

छैन भनी बयानमा खुलाएको देखिन्छ। उक्त बारदातमा पक्राउ परेका अन्य प्रतिवादीहरु अन्जन श्रेष्ठ र रुपक रेग्मीले समेत आ-आफ्नो बयानमा यि प्रतिवादी प्रेम प्रसाद पोखरेललाई पोल गरेको पाइदैन। बरामदीत सुन चोरी पैठारी मुद्दामा कसुर कायम गरिएका यि प्रतिवादीको बरामदी मुचुल्कामा सहिछाप नहुनु, सुन चोरी पैठारी कसुरमा मद्दत सहयोग देखिने कुनै दशि प्रमाण बरामद भएको नदेखिनु तथा मुख सावित भएको भनिएको बरामदी मुचुल्काका मानिसहरुको बकपत्र गरिएको समेत देखिएन। यसरी यि प्रतिवादी प्रेम प्रसाद पोखरेललाई अन्य सह-प्रतिवादीले पोल नगरेको, दशि प्रमाण फेला नपरेको समेत हुँदा यि प्रतिवादी प्रेम प्रसाद पोखरेले बरामद भएको सुन चोरी पैठारीमा मद्दत सहयोग पुर्याएको भन्ने देखिन आएन।

१७. यस स्थितिमा प्रतिवादी मध्येका रुपक रेग्मीले मगाएको र अर्को प्रतिवादी अन्जन श्रेष्ठका संगसाथबाट बरामद भएको भनिएको सुनको संरक्षण गरेको भन्ने यि पुनरावेदक प्रतिवादी प्रेम प्रसाद पोखरेल उपर अभियोग रहि सजाय (जरिवाना) समेत भएकोमा आरोपित कसुरमा यि प्रतिवादी इन्कार रहेका, निजका सँगसाथबाट मुद्दामा दशी लाग्ने कुनै चिजबस्तु बरामद नभएको साथै सह-प्रतिवादीहरुले यि प्रतिवादी उपर अबैध पैठारी भएको सुनको संरक्षण गरेको भन्ने पोल पनि नरहेको र अनुसन्धान प्रतिवेदन समेतबाट सुनचोरी पैठारीमा निजको संलग्नता र सहयोग पुग्ने ठोस आधार र प्रमाण देखिएन भन्ने समेत देखिएको स्थितिमा चिनजानका सिताशरणले साउदी अरबबाट अन्जन श्रेष्ठलाई प्रहरीले प्रकाउ गरी बेखर्ची भएको छ भनी बुझ्न गएकै आधारमा मात्र अवैध सुनचोरी पैठारी गर्न मद्दत वा दुरुत्साहन गरेको भनी भन्सार ऐन, २०६४ को दफा ५७(३) अनुसार कसुरदारलाई सरह रु.७,१४,५७४/- जरिवाना हुने ठहर्याई त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६/८/९/२ मा भएको निर्णय सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी प्रेम प्रसाद पोखरेलले कसुरबाट सफाई पाउने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नू।

## <u>तपसिल</u>

माथी ठहर खण्डमा लेखिए बमोजिम त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७६/८/९/२ को निर्णयमा प्रतिवादी प्रेम प्रसाद पोखरेललाई विगो बमोजिम रु.७,१४,५७४/- जरिवाना हुने गरी भएको निर्णय सो हदसम्म मिलेको नदेखिई उल्टी हुने ठहरी फैसला भएकोले निजले मिति २०७४/६/२४ मा र.नं.१५१९ बाट राजस्व अनुसन्धान विभागमा राखेको धरौटी रकम फिर्ता माग गर्न आए नियमानुसार फिर्ता दिनू भनी शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा लेखी पठाइदिनू।......................१

प्रस्तुत मुद्दा फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनू----२

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू----३
प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू------------------------------------------४

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा हामी सहमत छौं ।

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

श्री राजेन्द्र पौडेल
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल(शाखा अधिकृत)
टिपोट सुनिता थापा(ना.सु.)
इति सम्वत् २०७७ साल चैत्र महिना १६ गते रोज २ शुभम् ..........................